# मानव अधिकार अवस्था

(मासिक विश्लेषण-फेब्रुअरी २०१७ )[1]

सन् २०१७ को फेब्रुअरी महिनामा गत महिनाको तुलनामा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटना बढी अभिलेख भए । यो महिनामा पनि विगत महिनाहरूको झैँ औषधिको अभावका समाचार प्रकाशित भइरहे । यसैगरी क्याम्पस, विद्यालयमा तोडफोडका घटना र स्थानीय तहको निर्वाचनको घोषणाका विरुद्ध तराई मधेसमा संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाले विरोध प्रदर्शन गरेको र तराई मधेसमा राजनीतिक दलका कार्यक्रमलाई अवरोध गरेका समाचारहरू प्रकाशन भए । प्रधानमन्त्रीको पुत्ला दहनदेखि पूर्व प्रधानमन्त्री सहभागी कार्यक्रममा आक्रमण गर्नेजस्ता कृयाकलापहरू विश्लेषण गर्दा कतै उनीहरू निषेधको राजनीतितर्फ उद्यत त छैनन् भन्ने आशङ्कालाई मलजल पुगेका आभाष भयो । गत महिना विभिन्न घटनामा राज्यपक्षबाट आठ जना पुरुष र गैरराज्यपक्षबाट १ सय ८७ जना मानिसहरू मानव अधिकार उल्लङ्घन ज्यादतीका घटनामा पीडित भएको अभिलेख गरिएकोमा यो महिना ३ सय ९ जना मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा पीडित भए । गत महिना गैरराज्य पक्षबाट ३० जना पुरुष र १ सय ५७ जना महिला पीडित भएका थिए ।

| घटनाको प्रकार | गैर राज्यपक्षबाट | | | | राज्यपक्षबाट | | | | कूल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | नखुलेको | जम्मा | पुरुष | महिला | नखुलेको | जम्मा | |
| अपहरण | | १ | | १ | | | | | १ |
| गिरफ्तारी | | | | | | | ४८ | ४८ | ४८ |
| कुटपिट | १५ | | | १५ | १५ | २ | | १७ | ३२ |
| बाल अधिकार | १ | २८ | १५ | ४४ | | | | | ४४ |
| भौतिक संरचना क्षति | | | ८ | ८ | | | | | ८ |
| अमानवीय व्यवहार | १ | | | १ | २ | | | २ | ३ |
| घाइते | १ | | | १ | १ | | | १ | २ |
| हत्या | ४ | १३ | | १७ | १ | | | १ | १८ |
| जातीय विभेद | २ | २ | | ४ | | | | | ४ |
| धम्की | १ | | | १ | | | | | १ |
| महिला अधिकार | | १४८ | | १४८ | | | | | १४८ |
| **जम्मा** | २५ | १९१ | २३ | २३९ | १९ | २ | ४८ | ७० | ३०९ |

रुपन्देहीको मर्चवारस्थित प्रहरी चौकी वडवलियामा स्वतन्त्र मधेस गठबन्धनका नाममा सक्रिय सिके राउतका कार्यकर्ताले फागुन ८ गते आक्रमण गर्नुका साथै हतियारसमेत लुटेपछि अशान्त बनेको मर्चवार क्षेत्र शान्त बन्न झण्डै एक साता लागेको थियो । चौकी आक्रमणका क्रममा राउतका कार्यकर्ताले बालबालिका प्रयोग गरेपछि यसको चौतर्फी विरोधसमेत भएको थियो । उक्त समयमा लुटिएका एसएलआर र टियर ग्यास गन दुवै फेला परेको प्रहरीले जनायो ।

[1] अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले गत डिसेम्बर महिनादेखि मानव अधिकार अवस्था बारेको मासिक प्रतिवेदन प्रकाशन थालेको हो । इन्सेकले विगत २५ वर्षदेखि नेपालको मानव अधिकार अवस्थाबारे अभिलेख गर्नुका साथै यसको प्रसार गरिरहेको छ । देशका ७५ जिल्लामा रहेका इन्सेकका जिल्ला प्रतिनिधिमार्फत इन्सेकले मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनाको अभिलेख गर्ने गरिन्छ । यसैगरी, मानव अधिकार अवस्थाको दैनिक अभिलेख तथा प्रसार गर्ने उद्देश्यले इन्सेकले www.inseconline.org मार्फत हरेक दिन नेपालको मानव अधिकार अवस्थासम्बन्धी समाचार प्रकाशन गर्दै आएको छ । यो मासिक विश्लेषण **इन्सेकअनलाइन**मा प्रकाशित समाचारहरूको आधारमा तयार पारिएको हो । अघिल्लो महिनाको मानव अधिकार अवस्थालाई समेटेर हरेक अङ्ग्रेजी महिनाको ६ तारिखमा मासिक प्रतिवेदन प्रकाशन गरिनेछ ।

मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाहरूका आधारमा मानव अधिकार अवस्थाको सार्वजनिकीकरण गरी सरोकारवाला निकायलाई जबाफदेही बनाउने, पीडितलाई न्याय र पीडकलाई कानुन अनुसार कारबाहीका लागि पैरवी गर्ने र मानव अधिकार अवस्थाका बारेमा जान्न चाहनेहरूका लागि यो मासिक विश्लेषण उपयोगी हुने हामीले अपेक्षा गरेका छौं ।

सरकारले स्थानीय तहको निर्वाचनको मिति घोषणा गरेको विरोधमा संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाले तराई मधेसका विभिन्न जिल्लामा फागुन १० गते साँझ मसाल जुलुस प्रदर्शन गर्‍यो । संविधान संशोधनमार्फत आफ्ना माग सम्बोधन नगरी सरकारले स्थानीय तहको निर्वाचन मिति घोषणा गरेको विरोधमा मोर्चाका कार्यकर्ताहरूले मसाल जुलुस प्रदर्शन गरेका थिए । संविधान संशोधनलाई पहिलो प्राथमिकतामा राखेर मधेसीको माग सम्बोधन गर्नुपर्नेमा सरकारले चुनावको मिति घोषणा गरी मधेसमा द्वन्द्व निम्त्याउन खोजेको मधेसी मोर्चाका नेता कार्यकर्ताले आरोप लगाए ।

मधेसी मोर्चाका कार्यकर्ताले धनुषामा एमालेका उपाध्यक्ष एवम् पूर्व उपप्रधान तथा गृहमन्त्री बामदेव गौतम बास बसेको एमाले नेता रघुवीर महासेठको घर घेरा हाली फागुन ११ गते आक्रमणको प्रयास गरे । त्यहाँ भएको झडपमा नेपाल पत्रकार महासङ्घका पूर्व कोषाध्यक्ष र जिल्लास्तरीय मानव अधिकार सञ्जालका अध्यक्षमाथि समेत हातपात भएको समाचार इन्सेक अनलाइनमा प्रकाशित भयो । मोर्चाका कार्यकर्ताहरूले एमालेका नेता रघुवीर महासेठको घरमासमेत ढुङ्गामुढा प्रहार गरे ।

संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाका कार्यकर्ता र प्रहरीबिच फागुन १५ गते रौतहटको सदरमुकाम गौरमा झडप हुँदा एक जना प्रहरी, एक जना पत्रकार र एक जना सर्वसाधारण घाइते भए । पूर्व प्रधानमन्त्री एवम् नेकपा एमालेका वरिष्ठ नेता माधवकुमार नेपालले जिल्ला सदरमुकाम गौरमा पार्टी कार्यकर्ता भेला तथा पार्टी प्रवेश कार्यक्रमलाई सम्बोधन गर्न गौर आउने कार्यक्रम राखेपछि मोर्चाले बिहानैदेखि गौरका विभिन्न स्थानमा टायर बालेर अवरोधको प्रयास गरेको थियो ।

व्यवस्थापिका संसद् अन्तर्गतको अन्तर्राष्ट्रिय सम्बन्ध तथा श्रम समितिको आयोजनामा प्रस्तावित दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल निजगढको प्रगति अनुगमनबारे निजगढमा फागुन १७ गते आयोजित अन्तर्क्रिया कार्यक्रममा एमाले बारा क्षेत्र नम्बर ६ का सांसद एवम् पूर्व मन्त्री पुरुषोत्तम पौडेलमाथि माओवादी केन्द्र समर्थकहरूले आक्रमण प्रयाससँगै दुर्व्यवहार गरे । सांसद पौडेलले मन्तव्य राख्दै गर्दा केही सहभागी माओवादी समर्थकले मञ्चमा चढेर आक्रममण प्रयास गरेका थिए । लोकतन्त्रमा नागरिकको मन जितेर मतका माध्यमबाट शासन गर्नुपर्नेमा बाहुबलका माध्यमबाट राजनीति सञ्चालन गर्न खोज्दा अराजकता र दण्डहीनताले ठाउँ पाउने स्पष्टै छ ।

यो अवधिमा डडेल्धुराको कोटेली गाविस स्तरीय मानव अधिकार निगरानी समूहका अध्यक्ष ३७ वर्षीय शेरबहादुर साउदलाई खुकुरी प्रहार गरी हत्या गरेको समाचार प्रकाशित भयो । घटनाका आरोपित २४ वर्षीय भिमबहादुर भूललाई प्रहरीले फागुन ८ गते गिरफ्तार गर्‍यो ।

| बाल अधिकार | | | |
|---|---|---|---|
| घटनाको प्रकार | गैर राज्यपक्षबाट | | |
| | पुरुष | महिला | नखुलेको |
| बाल श्रम | | | १५ |
| बालविवाह | | ६ | |
| बेचबिखन | | ५ | |
| बलात्कार | | १० | |
| यौन दुर्व्यवहार | | ६ | |
| विद्यालयमा शारीरिक दण्ड | १ | १ | |
| जम्मा | १ | २८ | १५ |

इन्सेकको अभिलेख अनुसार फेब्रुअरी महिनामा ३ सय ९ जना मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा पीडित भए । जसमध्ये राज्यपक्षबाट ७० र गैरराज्यपक्षबाट २ सय ३९ जना पीडित भए । फेब्रुअरी महिनामा राज्यपक्षबाट भएका घटनामा गिरफ्तारीका कारण ४८ जना, कुटपिटबाट ३२ जना, अमानवीय व्यवहारबाट दुई जना घाइते भएको अभिलेख छ । त्यसैगरी गैर राज्यपक्षबाट भएका ज्यादतीका घटनामा २५ पुरुष र १ सय ९२ जना महिला पीडित भए । गैर राज्यपक्षबाट गरिएको कुटपिटका घटनामा १५ जना पीडित भएको पनि इन्सेकले अभिलेख गरेको छ ।

यो महिना बाल अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाबाट एक जना बालक र २८ जना बालिका पीडित भए । इन्सेक अनलाइनमा प्रकाशन गरिएका समाचार अनुसार १० जना बालिका बलात्कारका घटनामा र ६ जना बालिका यौन दुर्व्यवहारका घटनामा पीडित भए । फेब्रुअरीमा बालश्रमका कारण १५ जना बालबालिका पीडित भए भने विद्यालयमा दिइएको शारीरिक यातनाका

घटनामा एक जना बालक र एक जना बालिका पीडित भएको अभिलेख छ। बाल विवाहका घटनामा ६ जना र बेचबिखनका घटनामा पाँच जना बालिका पीडित भएको इन्सेकले अभिलेख गरेको छ।

यसैगरी, महिला अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा १ सय ४८ जना पीडित भएको अभिलेख छ। अभिलेखित घटनामा घरेलु हिंसाका कारण १ सय १३ जना, कथित बोक्सीको आरोपमा तीन जना, बलात्कारका घटनामा ११ जना, बलात्कार प्रयासको घटनामा एक जना, बेचबिखन तथा ओसारपसार प्रयासका घटनामा १७ जना र बहुविवाहका कारण ११ जना महिला पीडित भएको इन्सेकले अभिलेख गर्‍यो। यो महिना परिवाजनका सदस्यले तीन जना पुरुष र आठ जना महिलाको हत्या गरेको इन्सेकमा अभिलेख भयो। जसमध्ये कुटेर पाँच, आगो लगाएर दुई, धारिलो हतियार प्रयोग गरेर तीन र घाँटी थिचेर एक जनाको हत्या भएको अभिलेखित छ।

| महिला अधिकार | |
|---|---|
| घटनाको प्रकार | गैर राज्यपक्षबाट |
| | महिला |
| घरेलु हिंसा | ११३ |
| कथित बोक्सीको आरोप | ३ |
| बहुविवाह | ३ |
| बलात्कार | ११ |
| बलात्कार प्रयास | १ |
| बेचबिखन | १७ |
| जम्मा | १४८ |

नेपालगञ्ज उपमनपा-१२ की २२ वर्षीया अनिशा खटिकमाथि आगजनी गरी फरार रहेको आरोपमा प्रहरीले २६ वर्षीय पति राजेन्द्र खटिकलाई माघ १९ गते नेपाल भारत सिमानाको जमुनाहा नाकाबाट गिरफ्तार गर्‍यो। आरोपितले माघ ६ गते राति घरयासी विवादमा आगजनी गरिएकी पीडितको काठमाडौँको शिक्षण अस्पतालमा उपचारको क्रममा माघ १८ गते निधन भएको जिल्ला प्रहरी कार्यालय, बाँकेले जनायो। आगजनीबाट गम्भीर घाइते भएकी अनिशाको भेरी अञ्चल अस्पताल नेपालगञ्जमा उपचार सम्भव नभएपछि सोही दिन साँझ थप उपचारको लागि काठमाडौँ पठाइएको थियो।

**निष्कर्ष**

इन्सेकको अभिलेख अनुसार राज्यपक्षबाट हुने मानव अधिकार उल्लङ्घनका घटना गत महिनाको तुलनामा वृद्धि भयो। स्थानीय तहको निर्वाचन मिति घोषणा गरिएको भए पनि आवश्यक तयारी गर्न सरकार अग्रसर रहेको देखिएन। बलात्कार, यौन दुर्व्यवहार, कथित बोक्सीको आरोपमा दुर्व्यवहार जस्ता घटनामा महिला बढी पीडित भएको इन्सेकको अभिलेख छ। यस्ता खालका घटना न्यूनीकरणका लागि जनचेतनाका कार्यक्रमहरू प्रभावकारी नभएको हामीले बारम्बार दोहोर्‍याइरहे पनि सरकारी उदासीनताका कारण त्यस्ता घटनामा कमी आउनुको साटो बढ्दै आएको छ। यस्ता घटनाले समाजको हिंस्रक रूपलाई उजागर गरेको छ।

**सुझाव**

१. स्थानीय तह निर्वाचनका लागि यथासम्भव सबै पक्षलाई सहमतिमा ल्याउन तथा स्थानीय तहको टुङ्गो अबिलम्ब लगाउनुपर्ने।
२. तराई मधेसमा बढ्दो निषेधको राजनीतिलाई बढावा दिनुको साटो न्यूनीकरणका लागि पहल प्रयास केन्द्रित गर्नुपर्ने।
३. साम्प्रदायिकता र बिखण्डनको माग गर्ने जो सुकै भएपनि कानुनी कारबाहीको दायरामा ल्याई दण्डहीनता अन्त्य र शान्ति सुरक्षाको प्रत्याभूति दिनुपर्ने।
४. घरेलु हिंसा नियन्त्रणका लागि भरपर्दो कानुनी संयन्त्रको विकास गरी हिंसा नियन्त्रणका लागि प्रभावकारी कदम चाल्नुपर्ने।